# इन्द्रचन्द्र क्याम्पस

विर्तामोड-६, झापा

स्थापनाः २०७०

# वार्षिक प्रगति प्रतिवेदन-२०८०

<u>प्रस्तोता</u>

क्याम्पस प्रमुख

इन्द्रचन्द्र क्याम्पस

विर्तामोड-६, झापा

Email:indrachandracampusbtm@gmail.com

**प्रतिवेदन तयारी समितिः**

संयोजकः बालकृष्ण चेम्जोङ

सदस्यः कैलाश पोखेल

सदस्यः सुनिता दुलाल

सदस्यः कुशल सुवेदी

सदस्यः उद्धव बास्कोटा

**क्याम्पस सञ्चालक समितिद्वारा अनुमोदन मिति २०८०।०८।२०**

**क्याम्पस सभावाट अनुमोदन मिति २०८०।०९।०७**

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | शैक्षिक पक्ष | २ |
| ३. | भौतिक पक्ष | ५ |
| ४. | आर्थिक पक्ष | ६ |
| ५. | सामाजिक पक्ष | ८ |
| ६. | सवल पक्ष | ८ |
| ७. | दुर्वल पक्ष | ९ |
| ८. | भावी कार्यक्रमहरु | ९ |
| ९. | भावी चुनौतिहरु | ११ |
| १०. | समाधानका उपायहरु | १२ |

# इन्द्रचन्द्र क्याम्पस विर्तामोड
## क्याम्पस प्रमुखको वार्षिक प्रगति प्रतिवेदन-२०८०

श्रीमान् सभाध्यक्ष ज्यू, प्रमुख अतिथी माननीय सांसद राष्ट्रिय सभा, अतिथि ज्यूहरु, प्राध्यापकज्यूहरु, कर्मचारीहरु, सभाका सहभागी सभासदहरु, पत्रकारहरु तथा विद्यार्थीहरु ।

प्रथमतः म सम्पूर्ण महानुभावहरुप्रति हार्दिक अभिवादन गर्दछु । आज हामी स्थापनाको एघारौं वर्ष प्रवेशको तयारीमा दशौं साधारण सभामा जुटेका छौं यस अवसरमा अन्य अनौपचारिक कुरातिर नलागि म मेरो ( क्याम्पस प्रमुखको)वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने कर्तव्यको निर्वाह गर्दछु ।

### १. पृष्ठभूमिः

२०७० असोजमा विधिवत प्रारम्भ भएको यस क्याम्पसले आजसम्म आई पुग्दा दशौं वर्ष पूरा गरी एघारौं वर्षमा प्रवेश गरेको छ । देवी माध्यमिक विद्यालयको स्वर्ण महोत्सवको अवसरमा स्थानीय आवश्यकतालाई अध्ययन गरी एकैछत मुनी शिशु कक्षादेखि उच्च शिक्षासम्म अध्यापन गराउने घोषणाकासाथ स्थापना भएको भएपनि अत्याधिक विद्यार्थी चाप र स्थान अभावको कारण क्याम्पस स्वतन्त्र पहिचान सहित अलग्गै स्थापना गर्नु तत्कालिन आवश्यकता महशुस गरियो ।

देशको सुदुर पूर्व राष्ट्रकै प्रवेशद्वारको रुपमा रहेको प्रदेश अन्तरगत झापा जिल्लाको केन्द्र तथा पूर्वको ब्यापारिक सदरमुकामको रुपमा परिचित विर्तामोड नगर यहाँको परिचित स्थल हो । सुदुर पूर्वको शैक्षिक केन्द्रको रुपमा परिचित यस नगरमा निजी क्षेत्रमा स्थापित व्यवसायिक निजी उच्च शिक्षाका दर्जनौ प्रतिष्ठानहरु भए पनि सामुदायिक क्षेत्रमा उच्च शिक्षाको विस्तार नभएको यस स्थानमा उच्च शिक्षा पहुँच बाहिरका न्यून आर्थिक आय भएका वर्गको पहुँच विस्तार गर्न भएको यस क्याम्पसको स्थापना वास्तवमै फलदायी बन्न पुगेको छ । स्थापनामा नै ६८ जना विद्यार्थी भर्ना गरी अध्यापन प्रारम्भ गरेको नौ वर्ष पुग्दा १८०० को हाराहारीमा विद्यार्थी संख्या पुगेको तर हाल विद्यार्थी विदेश पलायन हुने प्रचलनको कारण एघारौं वर्ष प्रवेश गर्दा भर्ना दरको तुलनामा विद्यार्थीको क्याम्पस छोड्ने दर उच्च रहेको अवश्थामा पनि पहुँच विस्तारको हाम्रो लक्ष्यले गति लिएको मान्नु पर्छ भने चौथो वर्षको अन्तिम परीक्षाबाट ३२ प्रतिशत विद्यार्थीले एकै पटकमा स्नातक उपाधि प्राप्त गर्नु क्याम्पसको गौरवको कुरा हो । दोस्रोवर्षको अन्तिम परीक्षामा त्यो नतिजामा अझ सुधार भई ३७ प्रतिशत र त्यस पछि ४६ प्रतिशत विद्यार्थीले स्नातक उपाधि प्राप्त गरी हाम्रो हौसला बढाएका छन । हाल पनि यस शैक्षिक प्रतिष्ठानको विद्यार्थीहरुको उत्तीर्ण दर अन्य क्याम्पसको तुलनामा उच्च रहेको छ ।

विर्तामोड मुक्तिचोकको पूर्व, पूर्व-पश्चिम राजमार्गको दक्षिण, सुगम पेट्रोल पम्पबाट ८०० मिटर दक्षिणमा रहेको यो क्याम्पस उच्च शिक्षामा पहुँच नभएका वर्गको पहुँचमा रहेकोले यसको विद्यार्थी चाप पनि असामान्य छ । आधा दर्जन जति निजी क्याम्पसहरुबाट घेरिएको यो क्याम्पस स्थानिय निजी विद्यालयहरुको उत्पादनलाई पनि आफुतिर आकर्षित गर्न सफल भएको छ । प्राज्ञिक जनशक्तिको उपयोग, प्राध्यापकहरुको सक्रियता, सञ्चालक समितिको लगनशील क्रियाकलाप साथै समुदायको सहयोग एवं सद्भावले यस क्याम्पसको उन्नयनलाई अझ सहयोग पुगेको छ । पूर्वको आप्रबासी जनसँख्याको चापका कारण पूर्वीपहाड ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, साना व्यवसाय तथा रोजगारका सिलसिलामा पश्चिम नेपालबाट पूर्व आउने आप्रबासी, भारतको मणिपुर, आसाम, दार्जिलिङ तथा भूटानबाट रोजगारको खोजि, आफ्नोथलाको खोज एवं राजनैतिक सामाजिक कारणले आप्रवासनमा पुगेका आप्रबासीहरु र पुर्खौदेखि स्थानीय रुपमा बसोबासो भएका स्थानीय जातजातिका विद्यार्थीहरु यहाँका वास्तविक विद्यार्थी हुन, जुन वर्गलाई निजी क्षेत्रका क्याम्पसले समेटन सकेको छैन । त्यसमा पनि यस क्याम्पसले प्राप्त गरेको नतिजा वरिपरिका क्याम्पसहरुको तुलनामा उच्चतम हुनु र क्याम्पसमा नेपाली र अंग्रेजी दुवै माध्यममा कक्षा सञ्चालन हुनुले निजी विद्यालयका उत्पादन पनि यस क्याम्पसको ५० प्रतिशत विद्यार्थीको रुपमा आएका छन, जुन हाम्रो उपलब्धि हो । २०७८ को

शैक्षिक सत्रबाट वाणिज्यशास्त्रमा स्नातकोत्तर कक्षा समेत सञ्चालनमा आउनुले यस प्रतिष्ठानको गरिमा अझ उच्च हुन पुगेको छ ।

शैक्षिक क्षेत्रमा धेरै प्रगति भएको भए पनि भौतिक क्षेत्रमा भने हाम्रो अवस्था नाजुक नै रहेको छ । आफ्नो भवनले वर्तमान विद्यार्थीलाई धान्न नसक्नु हाम्रो विडम्बना हो । क्याम्पसको सम्पत्ति जोड्न हामीले गत वर्ष र यस वर्षमा उल्लेखनीय प्रगति गरेका छौं । क्याम्पसको नाममा पाँच कठ्ठा चार धुर जग्गा हालसम्ममा जोडिसकिएको छ, जसमध्ये दुई कठ्ठा पाँच धुर जग्गा समाजसेवी एवं शिक्षाप्रेमी व्यक्तित्वहरु श्री राजेन्द्र कुमार थापा, श्री अर्चना पौडेल -थापा), श्री अनुशिल थापा, श्री अनुष्ठान विक्रम थापा र श्री आध्याश्री थापाले संयुक्तरुपमा क्रमश आफ्ना बुवा-आमा, ससुरा-सासु, हजरबुवा-हजुरआमाको नाममा क्याम्पसलाई दान गर्नुभएको र यस क्याम्पसको मौजुदा नियमावलीमा भएको व्यवस्था अनुसार आफ्नो अभिभावकको नाममा यस क्याम्पसको नाम देवी क्याम्पसबाट इन्द्रचन्द्र क्याम्पस रहन गएको हो । सम्पत्तिका नाममा हालसम्म विर्तामोड ६ मा पाँच कट्ठा चार धुर घडेरी, फर्निचर र कार्यालयीय सामग्री मात्र हुनु र यस क्षेत्रमा अपेक्षाकृत भौतिक प्रगति एवं पूर्वाधारको विकास एवं विस्तार गर्न नसक्नु हाम्रो ठूलो चुनौती एवं समस्या हो । विर्तामोड नगरपालिका, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तरगत निक्षेनं. २, प्रदेश निक्षेनं.२ क, प्रदेश सरकार तथा **विश्वविद्यालयको अनुदान**मा ३३ कोठा भएको चारतले दुईवटा भवन निर्माण गरिएको छ जहाँ यही क्याम्पस सञ्चाल भईरहेको छ ।

## २. शैक्षिक पक्ष

त्रिभूवन विश्व विद्यालयबाट व्यवस्थापन सङ्कायमा सम्बन्धन लिई क्याम्पसको स्थापना गरिएको हो । व्यवस्थापनका अनिवार्य विषय लगायत चौथोवर्षमा ऐच्छिक विषयका रुपमा एकाउन्टेन्सी र फाइनाइन्स विषयको अध्ययन अध्यापन चलिरहेको छ । २२ जना शिक्षक, १० जना कर्मचारी यहाँको शैक्षिक क्रियाकलापका जनशक्तिमा रहेका छन ।

**शैक्षिक उन्नयनका लागि निम्नानुसार कार्यहरु गरिएका छन्:**

- विषयगत विकासको लागि अनुसन्धान इकाई, अर्थशास्त्र/तथ्याङ्कशास्त्र बिभाग, लेखा/वित्तशास्त्र बिभाग तथा अंग्रेजी बिभागहरु गठन गरेर तत् सम्बन्धी क्रियाकलाप तथा शिक्षणमा क्रियाशिलता बढाइएको,
- भर्ना भएका साढे पाँच प्रतिशत विद्यार्थीहरुलाई क्याम्पसको आन्तरिक श्रोतबाट छात्रवृत्ति वितरण गरिएको छ भने पहुँच विहीन विद्यार्थीहरुलाई स्थानीय व्यवसायी उद्योगपति आदिबाट सहयोग उपलब्ध गराउने निशुल्क पोशाक उपलब्ध गराउने गरिएको,
- विद्यार्थी सक्षमताका लागि व्यक्तित्व विकास तथा व्यवसायिक सीप विकास कार्याशाला गोष्ठी आयोजना गरिएको,
- प्राध्यापक सीप अभिवृद्धिका लागि अनुसन्धान कार्याशाला गोष्ठी गराईएको,
- वार्षिक रुपमा प्रत्येक वर्षका विद्यार्थीहरुलाई कम्तिमा दुई पटक आन्तरिक परीक्षा लिने र नतिजा विश्लेषण गर्ने गरिएको,
- विद्यार्थीहरुलाई आवश्यक पर्ने सबै विषयका पाठ्यसामाग्री पुस्तकालयबाट सुपथ धरौटीमा वर्ष भरिका लागि उपलब्ध गराउने र सन्दर्भ सामग्रीहरु पुस्तकालय कार्डबाट २ वटासम्म उपलब्ध गराउने व्यवस्था गरिएको,
- क्याम्पस स्तरीय र अन्तर क्याम्पस स्तरीय विभिन्न प्रतियोगिताहरुमा विद्यार्थी सहभागी गराईएको,
- प्रत्येक वर्ष तेस्रो वर्षका विद्यार्थीहरुलाई शैक्षिक अवलोकन भ्रमणमा सहभागी गराईएको,
- सूचना तथा सञ्चार सामग्रीको प्रयोग गरी कक्षा सञ्चालन गर्न प्रारम्भ गरिएको,

- आगामि वर्षमा जर्नल प्रकाशित गरी शिक्षक तथा विद्यार्थीको अनुसन्धान क्षमतामा वृद्धि गर्ने योजना राखिएको,
- QAA को मध्यम चरणमा प्रवेश गरी सोका  लागि पूर्वाधार तयार गरिएको,
- शैक्षिकसत्र २०७८-७९ बाट एमविविएस कार्यक्रम सञ्चालनमा आएको र यसको लागि थप पूर्वाधारहरुको विकास भैरहेको साथै मानविकी तथा समाजशास्त्र अध्ययन तर्फ विसिए विषय थप गर्ने र शिक्षाशास्त्र  कार्यक्रम सञ्चालनका लागि पूर्वाधार निर्माण गरिएको ।
- शैक्षिक उन्नयन तथा सहकार्यका लागि भूतपुर्व विद्यार्थी समाज एवं क्याम्पस समुदाय सरोकार मञ्च गठन गरिएको ।
- **विद्यार्थी तथ्याङ्कः**
- यस क्याम्पसमा विगत तिन वर्षको अवधिमा अध्ययन गरेका स्नातक तथा स्नाकोत्तर तहका विद्यार्थीहरुको भर्ना विवरण यस प्रकार रहेको छः

| शैक्षिक वर्ष | २०७७।०७८ | | | | २०७८।०७९ | | | | २०७९।०८० | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **तह** | **जम्मा** | **छात्रा** | **ईडिजे** | **दलित** | **जम्मा** | **छात्रा** | **ईडिजे** | **दलित** | **जम्मा** | **छात्रा** | **ईडिजे** | **दलित** |
| **बि.बि.एस. प्रथम वर्ष** | ६७१ | ३३८ | १२ | ३२ | ५२० | २६४ | १७ | २२ | २११ | ११५ | ६ | ९ |
| **बि.बि.एस. दोस्रो वर्ष** | ३७० | २१० | ११ | १५ | ५५४ | २९१ | ८ | ३३ | ६७३ | ३२५ | १४ | २४ |
| **बि.बि.एस. तेस्रो वर्ष** | २४१ | १३१ | ६ | ३ | ३९२ | २१४ | ९ | १२ | ३३१ | १६६ | १५ | १८ |
| **बि.बि.एस. चौथो वर्ष** | २४३ | १५२ | ७ | ४ | २२८ | १६४ | ४ | २ | २४९ | ११७ | १५ | १९ |
| **एम.बि.एस. प्रथम सत्र** | | | | | | | | | | | | |
| **एम.बि.एस. दोस्रो सत्र** | | | | | ४१ | १७ | | २ | ३२ | १५ | | |
| **एम.बि.एस. तेस्रो सत्र** | | | | | | | | | | | | |
| **एम.बि.एस. चौथो सत्र** | | | | | | | | | २९ | १२ | | |
| **कुल** | १५२५ | ८३१ | ३६ | ५४ | १७३५ | ९५२ | ३८ | ७१ | १५२५ | ७५१ | ५० | ७० |

- **नोटः शैक्षिक रुपमा पछि परेका जनजाति अर्थात Educationally Disadvantaged Janajatis (EDJ) भन्नाले राष्टिय साक्षरता दर भन्दा कम साक्षरतादर रहेको जनजातिलाई जनाउँछ ।**
- **स्नातक तहको विद्यार्थीहरुको उत्तिर्ण दर यस प्रकार रहेको छ ।**

| **शैक्षिक शत्र** | **२०७७/०७८** | | | | | **२०७८/०७९** | | | | | **२०७९/०८०** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **तह** | **जम्मा परीक्षार्थी** | **जम्मा उत्तीर्ण विद्यार्थी** | **उत्तीर्ण छात्रा** | **उत्तीर्ण शै. प.ज. (EDJ)** | **उत्तीण दलित** | **जम्मा परीक्षार्थी** | **जम्मा उत्तीर्ण विद्यार्थी** | **उत्तीर्ण छात्रा** | **उत्तीर्ण शै.प.ज. (EDJ)** | **उत्तीण दलित** | **जम्मा परीक्षार्थी** | **जम्मा उत्तीर्ण विद्यार्थी** | **उत्तीर्ण छात्रा** | **उत्तीर्ण शै.प. ज. (EDJ)** | **उत्तीण दलित** |
| बि.बि.एस. प्रथम वर्ष | **२९९** | **४३** | **२८** | **३** | **१** | **३९२** | **६५** | **४२** | **६** | **१** | **५७४** | **६७** | **४४** | **२** | **२** |
| बि.बि.एस. दोस्रो वर्ष | **२४४** | **६९** | **५२** | **७** | **१** | **३२५** | **९१** | **५२** | **३** | **२** | | | | | |
| बि.बि.एस. तेस्रो वर्ष | **२४०** | **८०** | **४६** | **१** | **१** | **२२८** | **४२** | **३०** | **३** | **०** | | | | | |
| बि.बि.एस. चौथो वर्ष | **१८३** | **७१** | **३७** | **४** | **१** | **२१२** | **११९** | **३५** | **१** | **०** | | | | | |
| **कुल** | **९६६** | **२६३** | **१६३** | **१५** | **४** | **११५७** | **३१७** | **१५९** | **१३** | **३** | **५७४** | **६७** | **४४** | **२** | **२** |

- **स्नातक तहको विद्यार्थीहरुको ड्रपआउट दर यस प्रकार रहेको छ ।**

| आ.व. | २०७७।७८ | | | २०७८।७९ | | | २०७९।८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तह | भर्ना | परीक्षामा सम्मिलित | ड्रपआउट | भर्ना | परीक्षामा सम्मिलित | ड्रपआउट | भर्ना | परीक्षामा सम्मिलित | ड्रपआउट |
| प्रथम वर्ष | ६८२ | ५५४ | १२८ | ५२० | ४१६ | १०४ | ३९४ | २५७ | १३७ |
| दोस्रो वर्ष | ४८० | ३९२ | ८८ | ५५४ | ३३१ | २२३ | ४१६ | | |
| तेस्रो वर्ष | २४१ | २२८ | १३ | २४१ | २२८ | १३ | ३३१ | | |
| चौथो वर्ष | २३८ | २१३ | २५ | २३८ | २१३ | २५ | २४९ | | |

**नोटः २०८० मा सहभागी परीक्षार्थीहरुको परीक्षाफल प्रकाशित नभएकोले रेकर्ड उल्लेख गरिएको छैन ।**

- **शैक्षिक कार्यक्रमहरुः**

| तह | संकाय | कार्यक्रम | विशिष्टिकृत विषयहरु |
|---|---|---|---|
| स्नातक | व्यवस्थापन | ४ वर्षे वि.वि.एस. | लेखा, वित्त शास्त्र |
| स्नातकोत्तर | व्यवस्थापन | सत्रान्त आधारित एम.वि.एस. | लेखा, वित्त, बजार शास्त्र |

- **शैक्षिक विधिः**

स्थापनाकालमा परम्परागत व्याख्यान विधिबाट सिकाई पद्वती अवलम्बन गरेको यस संस्थाले विद्यार्थी, अभिभावक, समुदायको माग साथै विश्व शैक्षिक जगतमा प्रतिस्पर्धी विद्यार्थी उत्पादन गर्ने उद्देश्यले ICT based Learning लाई हालका दिनमा आत्मसाथ गर्दै आइएको छ । यसका निम्ति प्रदेश सरकारबाट प्राप्त अनुदानबाट ३२ वटा सि. सि. क्यामेरा, १० वटा प्रोजेक्टर, १४ वटा ल्यापटप, १ स्मार्ट बोर्डको प्रयोग गर्दै आएको तर उच्च विद्यार्थी चापलाई उक्त पूर्वाधार अपुग छ ।

## ३. भौतिक पक्षः

शैक्षिक र प्राज्ञिक क्षेत्रमा सन्तोषजनक प्रगति भएको भए पनि यस क्याम्पसको भौतिक अवस्था कमजोर छ । सुरुमा देवी माध्यमिक विद्यालयले आफ्नै विद्यालय हाताभित्र सञ्चालन गर्नेगरी शुरु गरिएको यो क्याम्पस चारवर्ष दुखसुख सञ्चालन भएपनि विद्यालयमा आफ्नै विद्यार्थी संख्याको अत्याधिक वृद्धि र क्याम्पसमा पनि अत्याधिक विद्यार्थी चापले गर्दा विद्यालयको हाताभित्र क्याम्पस यथावत सञ्चालन गर्न असम्भव रह्यो । विद्यार्थी शुल्क बाहेक कुनै आय नभएको यस संस्थाले केही फर्निचर र कार्यालयीय सामान बाहेक क्याम्पसको कुनै स्थायी सम्पत्ति नभएको अवस्थामा बहालमा बस्नुपर्ने अवस्थाले त्यसै पनि क्याम्पसमा आर्थिक विपन्नता बढेर गयो । पहिलो दुई वर्ष घाटामा चलेको क्याम्पसले पछिल्लो दुई वर्षमा सामुदायिक क्याम्पसको न्युन शुल्ककै आयबाटै भए पनि उलेख्य कार्य भएको छ । हाललाई फर्निचर लगायतका सामग्रीहरु पुगिरहेको अवस्थामा छ भने प्रविधिमैत्री सिकाइ क्रियाकलापलाई सवल बनाई आधुनिक एवं वैज्ञानिक तवरले अध्ययन अध्यापन गराउन पर्याप्त मात्रामा कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, स्मार्ट बोर्ड आदिको अभाव रहेको छ । स्थानीय आवश्यकताले यस क्याम्पसमा व्यवस्थापनमा स्नातकोत्तर सञ्चालनमा आइसकेको छ भने मानविकी तथा समाजशास्त्र अन्तरगतको विसिए, बि एस डब्ल्यु, शिक्षा संकाय अन्तर्गत बि एड र विज्ञान

सङ्कायको विआईटी थप गरी बहुमूखी क्याम्पसकोरुपमा स्थापित गर्नुपर्ने दवाव सिर्जना भएकोले केही वर्ष भित्रै क्याम्पसले भौतिक व्यवस्थापन गर्ने चुनौति रहेको छ । हाल क्याम्पसको भौतिक अवस्था निम्नानुसार छः

**क्याम्पसको सम्पत्ति विवरणः**

| क्र.सं | विवरण | सङ्ख्या | स्रोत | प्रयाप्त | अप्रयाप्त |
|---|---|---|---|---|---|
| १ | जग्गा | पाँच कठ्ठा चार धुर | आन्तरिक श्रोतबाटः २ कठ्ठा १९ धुर दानदातव्यः २ कठ्ठा ५ धुर | | - |
| २ | भवन १ | १७ कोठे चारतले | आन्तरिक र बिभिन्न अनुदान | | - |
| ३ | भवन २ | १६ कोठे चारतले | आन्तरिक र बिभिन्न अनुदान | | - |
| ४ | डेक्स वैंच | ३२५ | आन्तरिक | | - |
| ५ | पुस्तकालय | ८२३६ वटा पुस्तक | **विश्वविद्यालय अनुदान आयोग** र आन्तरिक | | - |
| ६ | कम्प्युटर | १४ | सुचना सञ्चारका लागि प्रदेशसरकार र आन्तरिक | | - |
| ७ | प्रिन्टर,फोटोकपी, स्क्यानर | ४ | आन्तरिक | | - |
| ८ | दराज | १० | आन्तरिक | | - |
| ९ | कुर्सी साधारण | ३८ | आन्तरिक | - | |
| १० | कुर्सी (आराम) | ५२ | आन्तरिक | - | |
| ११ | टेवल | २१ | आन्तरिक | - | |
| १२ | स्टाफ टेवल | ५ | | | |
| १३ | र्‍याक | ५ | आन्तरिक | | - |
| १४ | पुस्तकालय र्‍याक | ५ | आन्तरिक | - | |
| १५ | सेतो पाटी | २२ | आन्तरिक | □ | |
| १६ | प्रोजेक्टर | १२ | प्रदेशसरकार र आन्तरिक | | |
| १७ | सि.सि. क्यामेरा | ३२ | प्रदेशसरकार र आन्तरिक | | |
| १८ | स्मार्ट बोर्ड | १ | प्रदेशसरकार र आन्तरिक | | |
| १९ | ग्राउण्ड पेवर्स, अतिरिक्त क्रियाकलाप | | **विश्वविद्यालय अनुदान आयोग** र आन्तरिक | | |

**भौतिक व्यवस्थाका उपलब्धि र योजना निम्नानुसार रहेका छनः**

- हाल सम्म चालिस लाख बराबरको फर्निचर तथा कार्यालय सामग्रीका व्यवस्था गरिएको,
- इन्टरनेट सहित कम्प्युटर तथा सम्बन्धित सामग्री व्यवस्था गरिएको,
- विर्तामोड न.पा. वडा नं ६ मा पाँच कठ्ठा चार धुर जग्गा आन्तरिक स्रोत एवं दान दातव्यबाट व्यवस्था गरिएको,
- विर्तामोड नगरपालिका, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तरगत निक्षेनं. २, प्रदेश निक्षेनं.२ क, प्रदेश सरकार तथा **विश्वविद्यालयको अनुदान**मा ३३ कोठा, शौचालय र खानेपानी सहितको व्यवस्था भएको भवन निर्माण सम्पन्न भईसकेको,

- विश्व विद्यालय अनुदान आयोगबाट अतिरिक्त क्रियाकलापका लागि संरचना विकास शीर्षकमा प्राप्त रु १२,००,००० (बाह्र लाख) र आन्तरिक श्रोतबाट खेल मैदान (पेवर्स बिछ्याउने), बास्केट बल, भलिबल र टेबल टेनिस कोर्ट साथै फुलबारी बगैचा निर्माण भइसकेको ,
- दुईवर्ष भित्रमा अन्य पाँचकठ्ठा जग्गा व्यवस्थापन गर्ने योजना रहेको,
- **विश्व विद्यालय अनुदान आयोगबाट पुस्तक शिर्षकमा प्राप्त रु १०,००,०००** (दश लाख) रकमबाट पुस्तक एवं सन्दर्भ ग्रन्थ खरिद गरिएको ।

## ४. आर्थिक पक्षः

आर्थिक प्रगतिको लागि **विश्व विद्यालय अनुदान आयोगबाट** प्राप्त पुस्तकालय सहयोग नियमित अनुदान र भवन निर्माण अनुदान, नगरपालिका भवन निर्माण अनुदान, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम भवन निर्माण बाहेक विद्यार्थीहरुबाट उठेको शुल्क नै यस क्याम्पसको आय हो । विद्यार्थी संख्या पर्याप्त भएकै कारण हालसम्मको शैक्षिक, प्रशासनिक, भौतिक र आर्थिक पक्षलाई यसले जेनतेन धान्न सकेको छ । आ.व. ०७८।७९ मा रु ८०,२५,७४७ खुद बचत रहेकोमा आ.व. २०७९/८० मा रु. **३०,८१,१६४** खुद संचालन वचत रहेको छ ।

**वित्तिय स्रोतको विश्लेषण एवं गत तीन आ.व. को आय विवरण**

| आ. व. | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|
| प्रत्यक्ष आम्दानी | १,२७,०९,६७५ | २,८१,९६,७०० | २,५४,७९,३४५ |
| अन्य सञ्चालन आम्दानी | ३४,४०५ | ८७,५७४ | ४,६४,१२७ |
| **जम्मा आन्तरिक स्रोत** | **१,२७,४४,०८०** | **२,८२,८४,२७४** | **२,५९,४३,४७२** |
| विश्व विद्यालय अनुदान | ३३,३३,४५० | ४६,२५,००० | ३०,८०,००० |
| अन्य अनुदान | १२,१०,८२५ | ८,६१,७०१ | १५,००० |
| **जम्मा अनुदान** | **४५,४४,२७५** | **५४,८६,७०१** | **३०,९५,०००** |
| **कुल आम्दानी** | **१,७२,८८,३५५** | **३,३७,७०,९७५** | **२,९०,३८,४७२** |

**गत तीन आ.व. को व्यय विवरण**

| आ. व. | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|
| तलब | ७३,६७,६९४ | १,३१,१९,०३१ | १,३५,८७,४५७ |
| अन्य प्रत्यक्ष खर्च | ११,६९,६२५ | ३५,००,८३२ | ३२,२८,४५९ |
| अन्य सञ्चालन खर्च | १६,६२,५९० | २४,०६,०२१ | ३८,९०,३६३ |
| **जम्मा सञ्चालन खर्च** | **१,०१,९९,९०९** | **१,९०,२५,८८४** | **२,०७,०६,२७९** |
| भौतिक पुर्वाधार | ६६,४१,५८४ | ३८,४२,२६९ | - |
| अतिरिक्त क्रियाकलाप | २०९,५६१ | - | १४,६५,४८३ |
| ICT | - | २,२६,००० | १७,०९,६०० |
| **कुल पूँजिगत खर्च** | **६८,५१,१४५** | **४०,६८,२६९** | **३१,७५,०८३** |
| **जम्मा खर्च** | **१,७०,५१,०५४** | **२,३०,९४,१५३** | **२,३८,८१,३६२** |

**आर्थिक पक्षमा भए गरेका कार्यहरु निम्नानुसार रहेका छनः**

- भौतिक निर्माण बाहेकका सबै क्रियाकलापमा इन्द्रचन्द्र क्याम्पस आत्मनिर्भर रहेको,
- क्याम्पस स्थापनाको पाँच वर्षमै शून्यबाट सुरुभएको क्याम्पस छैटौं वर्षसम्म ८१ लाख बराबरको स्थिर सम्पत्तिको अपनत्व लिन सक्षम भएको थियो भने यस वर्ष ६ करोड बराबरको स्थीर सम्पत्ति पुगेको,
- सरकार, स्थानीय निकाय, सहयोगी हात र विविध दातृसंस्थाहरुको स्रोत पहिचान र परिचालनमा सक्षम भएको,
- आगामि वर्षभित्र यो क्याम्पसको स्थीर सम्पत्ति सात करोड बराबरको हुने गरी योजना कार्यान्वयनमा आएको,
- आगामी पाँच वर्षभित्रमा स्थापित बहुमुखी क्याम्पसको रुपमा आर्थिक सक्षमता विकास गर्ने लक्ष्य राखिएको ।

## सञ्चालन, व्यवस्थापन तथा प्रशासनिक पक्षः

२०७० मा देवी माध्यमिक विद्यालयको व्यवस्थापन र प्रशासनले स्थानीय मागको सम्बोधन गर्ने क्रममा उच्च शिक्षाको व्यवस्था गर्ने घोषणा गरी हरिचरण शिवाकोटीको अध्यक्षतामा तदर्थ समिति गठन गरी सोही समितिको पहलमा त्रि.वि.सँग सम्बन्धन लिई यो क्याम्पस सञ्चालन भएको हो । संस्थापकहरुलेनै नौलाख सापटी रकम उपलब्ध गराई स्थापना गरिएको क्याम्पसमा २०७० मा त्रि.वि.ले तत्कालिन विद्यालयका प्रधानाध्यापक लेखनाथ भट्टराईलाई नै स्वयंसेवक क्याम्पस प्रमूख बनाई सञ्चालन गरेको र क्याम्पस सञ्चालक समितिमा त्रिभूवन विश्वविद्यालयले हरिचरण सिवाकोटीलाई नै अध्यक्षमा चयन गरी पठाएपछि बसेको साधारण सभाले सञ्चालक समिति गठन गरी समितिको पूर्णता दिएको थियो । जसको समयावधि सकिए पनि क्याम्पस सभाले पुनः उहाँलाई नै अध्यक्षमा चयन गरेको थियो । वि.सं. २०७७ सालमा हरिचरण सिवाकोटीको अध्यक्षतामा १७ सदस्यीय सञ्चालक समिति गठन गरी हालसम्म कार्यरत रहको छ, जसको नामावली अनुसूचि १ मा समावेश गरेको छु । त्यसैगरी वर्तमान क्याम्पस सभाले तोकेको क्याम्पस प्रमुख लगायत सञ्चालक समितिले निर्णय गरेको प्रशासनिक समूह अनुसूचि १ मा संलग्न गरेको छु ।

## ५. सामाजिक पक्षः

यो क्याम्पसको सेवाक्षेत्र ठूलो भए पनि स्थानीय परिवेश भने मिश्रित जन आवादिको क्षेत्र हो । साँस्कृतिक, धार्मिक, सामाजिक रुपले विविध जातजातिको बसोबासको क्षेत्र विर्तामोडमा स्थानीय आदिबासी लगायत पूर्वी पहाडमा पाइने सबै वर्ग र तप्काका मानिसहरु, भारत भूटान र वङ्लादेशबाट आप्रवासनमा आएका मानिसहरु र पश्चिम नेपालको आप्रवासनका सहित मानिसहरु यहाँ रहनुले नेपालको अन्य भागमा हुँदै नभएका स्थानीय जातजातीदेखि देशका केही अल्पसङ्ख्यक जातजाति बाहेक नेपालका सबै जातजाती, संस्कृति र धर्मका मानिसहरुको बसोबासो यहाँ रहेको छ । पूर्वको व्यवसायिक नाका भएकोले उच्च स्तरिय व्यापारीहरु, उद्योग उन्मुख भएकाले उद्योगपतिदेखि मजदुरहरु, बढ्दो शैक्षिक तथा स्वास्थ्य प्रतिष्ठानका कारणले प्राज्ञिक जनशक्ति, परम्परागत कृषि पेशाकाहरु, साना व्यापारीदेखि बेरोजगारहरुसम्मको उपस्थितिले यहाँको समाज निर्माण भएको छ । बिर्तामोडको बसोबासोमा थपिएको अर्को पक्ष भनेको भूमिहीनहरुको पनि हो । यो समूह बाँजा पर्ति जग्गा तथा विद्यालय लगायतका जग्गाहरुमा अस्थायी बसोबासोको रुपमा रहेको छ । यो सामाजिक बनावट नाफामुखी नरहेको यस **सामुदायिक क्याम्पस**को वातावरणको लागि उर्जाशिल भएको छ ।

**क्याम्पसले सामाजिक पक्षमा निम्न कार्यहरु गरेको छः**

- विद्यार्थीमा पहुँच विस्तारका लागि “तपाईंको शैक्षिक आकाँक्षा हाम्रो सरोकार॰ नारामा प्रत्येक वर्ष झापा ताप्लेजुङ यात्राको आयोजना,
- सामुदायिक क्याम्पस समुदायको संरक्षण विषयक अन्तरकृया कार्यक्रमको आयोजना,

- आर्थिक रुपमा असक्त परिवारमा विद्यार्थीको अध्ययन सुगमताको लागि विद्यार्थीहरुलाई विभिन्न व्यक्ति तथा संस्थाहरुसँग आग्रह गरी "**विहान पढ दिउसो कमाउ**"को अवधारणामा रोजगार दिलाउने गरिएको,
- अनुसन्धानात्मक कार्यमा विशेष ग्रामिण वित्तिय संस्थाहरुप्रति विद्यार्थीलाई उत्प्रेरित गराउने गरिएको,
- व्यक्तित्व विकास तालिम तथा प्रतिवेदन लेखन कार्यशाला जस्ता कार्याक्रमको आयोजना गरिएको,
- लोकतान्त्रिक पद्दतिबाट विद्यार्थी नेतृत्व चयन गरी क्याम्पसका अधिकांश गतिविधिहरुमा विद्यार्थी सहभागी गराईएको,
- अन्तर क्याम्पस तथा शैक्षिक प्रतिष्ठान बीच विभिन्न प्रकारका प्रतिष्पर्धात्मक गतिविधिहरु सञ्चालन गरिएको,
- रक्तदान तथा स्वास्थ्य शिविर र आइसोलेसन केन्द्र मार्फत सामाजिक सम्पर्क तथा पहुँच बढाएको ।
- क्याम्पस समुदाय सरोकार मञ्चको गठनसँगै क्याम्पस-समुदाय सुमधुर सम्वन्धलाई प्रगाढ बनाईएको ।

## ६. सबल पक्ष

त्रि.वि. बाट सम्बन्धन लिई २०७० को शैक्षिक सत्रदेखि सञ्चालनमा आएको यो सामुदायिक क्याम्पसका हालसम्मका सवल पक्षहरु निम्नानुसार प्रस्तुत गरिएको छः

- झापा जिल्ला मात्र नभएर मेची अञ्चलकै सबै भन्दा बढि विद्यार्थी सङ्ख्या रहनु,
- झापा जिल्लाकै सर्वोत्कृष्ट विद्यार्थी नतिजा प्राप्त गर्नु,
- वरिपरि रहेका क्याम्पसको तुलनामा कम शुल्कमा गुणस्तरीय शिक्षा हासिल गर्न सक्षम हुनु,
- पहुँच विहीन वर्गको उच्च शिक्षामा पहुँच निर्माण हुनु,
- सम्बन्धन प्राप्त विषयहरुमा नतिजा संतोषजनक हुनु,
- स्थानीय समाज तथा समुदायबाट सकृय सहयोग पाउनु,
- क्याम्पसको आन्तरिक स्रोत कै परिचालनबाट जग्गा खरिद गर्नसक्नु,
- क्याम्पस सञ्चालनमा **वि.वि.अनुदान आयोग** बाट सहयोग प्राप्त हनु,
- सरकार तथा स्थानीय तहहरुको सहयोग प्राप्त हुनु,
- विश्वव्यापी माहामारीको परिवेशमा भर्चुअल कक्षा सञ्चालन गर्नसक्नु,
- क्याम्पसको आफ्नै वेवसाइड हुनु ।

## ७. दुर्वल पक्ष :

शैक्षिक उन्नयनमा सन्तोषजनक प्रगति भए पनि भौतिक रुपमा क्याम्पस विपन्न नै रहेको छ । पाँच वर्ष अघि मात्र स्थापना भएको क्याम्पस भएकोले प्रगतिको ठूलो फड्को मार्न सम्भव त हुँदैन त्यसमा पनि **विश्व विद्यालय अनुदान आयोग** को नियमित अनुदानमा क्याम्पस सञ्चालनमा आएको चौथो वर्षदेखि मात्र परेको हुँदा राहत भए पनि पर्याप्त हुन सकेको छैन । हामी भित्र रहेका दुर्वल पक्षहरु निम्नानुसार रहेका छन् :

- सामुदायिक क्याम्पसका विद्यार्थीहरुको न्युन आर्थिक अवस्था हुनु,
- क्याम्पससँग पर्याप्त जग्गा तथा भवनको अभाव रहनु,
- शिक्षक तथा कर्मचारीहरुलाई उचीत रुपमा सेवा सुविधा दिन नसक्नु,
- स्थानीय सङ्घसंस्थाहरुलाई क्याम्पसको गतिविधि तर्फ आकर्षण गर्न नसक्नु,

- ई-पुस्तकालय, खेल मैदान नहुनु,
- आवश्यकता अनुसार पर्याप्त कम्प्युटर तथा आधुनिक शैक्षिक सामग्री नहुनु ।

## ८. भावी कार्यक्रमहरु :–

- शैक्षिक कार्यक्रम सञ्चालन तथा प्रशासकीय कार्यालयका लागि आधुनिक सुविधा सम्पन्न भवन निर्माण गर्ने ।
- अध्ययन-अनुसन्धानका लागि प्रविधियुक्त सुविधा सहितको अनुसन्धान, कम्प्युटर प्रयोगशाला तथा सन्दर्भ ग्रन्थहरु सहितको परम्परागत एवं ई-पुस्तकालयको व्यवस्था गर्ने ।
- क्याम्पस आसपासका सडकहरु कालोपत्रे गर्न**का लागि सम्बन्धित निकायमा पहल गर्ने**
- सफा स्वच्छ पिउने पानिको व्यवस्था गर्ने **यसका लागि थप डीसपेन्सरको ब्यबस्थापन गर्ने**
- शैक्षिक सामग्री तथा प्राविधिक उपकरणहरु सहितका कक्षा कोठाहरु निर्माण गर्ने
- आधुनिक सञ्चार तथा सुचना प्रविधिमैत्रि शिक्षण सिकाईको व्यवस्था गर्ने ।
- खोजमुलक अभ्यास, शैक्षिक भ्रमण, अतिरिक्त क्रियाकलापमा सहभागी गराई विद्यार्थीहरुलाई योग्य र दक्ष बनाउने ।
- विषय समितिहरु, अन्य समितिहरु त्था शिक्षकहरुको सबलीकरणका लागि आवश्यक तालिम, प्रशिक्षण, कार्यशाला गोष्ठिहरुको आयोजना गर्ने ।
- विशेषगरी अनियमित विद्यार्थीहरुलाई दूर शिक्षाका माध्यमबाट **समेत** शिक्षण व्यवस्था गर्ने ।
- विद्यार्थीहरुको ड्रपआउटको कारणबारे अनुसन्धान गरी यसको दर तल झार्ने ।
- सम्भावित विपद पछिको क्याम्पस निरन्तरता योजना निर्माण गर्ने ।
- क्याम्पस र समुदायको अपनत्व विकास गर्न समुदाय र क्याम्पसबीच अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- सुरक्षित कम्पाउण्ड वाल तथा प्रवेशद्धारा निर्माण गर्ने ।
- प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा आगन्तुकहरुले पालना गर्नु पर्ने आचारसंहिता तथा नियमहरु वनाई कार्यान्वयन गर्ने ।
- क्याम्पसको वातावरण स्वच्छका लागि हरियाली तथा (वृक्षारोपण, बगैचा) सौन्दर्यीकरण गर्ने ।
- गुणस्तर सुनिश्चितताएवं प्रत्यायन(Quality Assurance and Accreditation – QAA)प्रमाण मापदण्ड पुरा गरी दर्खास्त पेश गर्ने ।
- प्रदेश सरकार तथा स्थानीय सरकारसँग सामुदायिक विकास तथा सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिमा साझेदारी गर्ने ।
- इन्ट्रान्सिपका लागि व्यवसायिक प्रतिष्ठानहरुसँग सहकार्यगर्ने ।
- पूर्व विद्यार्थी मञ्च गठन पश्चात औपचारिकरूपमा दर्ता गरी सम्बन्ध सम्पर्क विस्तार गर्ने ।
- आम्दानी तथा खर्चलाई पारदर्शी, मितव्ययी वनाउन आधुनिक प्रविधिहरु कम्प्यूटराइज्ड लेखा, अनलाइन खरिद गर्ने प्रणालीको विकास गर्ने ।
- समयानुकुल विधान संसोधन गर्ने ।
- वाल संरक्षण, लैंगिक तथा सामाजिक समावेसीकरण, क्यान्टिन सञ्चालन आदि सम्बन्धी नियमावलीहरु तयार गरी कार्यान्वयन गर्ने ।
- क्याम्पसका जिन्सी सामग्री ब्यबस्थापन नियमावली तयार गर्ने ।

- पुस्तकालय , कम्प्युटर ल्याब खेलकुद सामग्री प्रयोग सम्बन्धि नियम वनाउने ।
- क्याम्पस शान्ति क्षेत्र घोषणा योजना तयार गर्ने
- धुम्रपान र मध्यपान निषेधित क्षेत्र आचार संहिता तयार गरी कार्यान्वयन गर्ने

# आर्थिक वर्ष २०८०/२०८१ अनुमानित आय व्यय विवरण (बजेट)

| खर्च विवरण | | | आम्दानी विवरण | | |
|---|---|---|---|---|---|
| क्रम | विवरण | यस बर्षको | क्रम | विवरण | यस वर्षको |
| **क** | **स्थीर सम्पति** | **६०५००००** | **क** | **वैक मौज्दात (सुरु मौज्दात)** | **४७६३६०** |
| १ | पुस्ताकलय व्यवस्थापन | १२००००० | १ | नेपाल वैंक | १३८९५ |
| २ | फर्निचर र स्थीर सम्पति | ८५०००० | २ | नेपाल इ. मे वैंक (००३) | ९८५३५ |
| ३ | कम्प्युटर ल्याव | ५००००० | ३ | नेपाल इ. मे वैंक (०८५) | ४३९३० |
| ४ | स्वच्छ खानेपानी | ५००००० | ४ | नेपाल बहुद्देश्य सहकारी | ५००० |
| ५ | क्याम्पस कम्पाउण्ड वाल | २०००००० | ५ | राट्रिय वाणिज्य वैंक | ३१५००० |
| ६ | ग्राउण्ड व्यवस्थापन | १०००००० | | | |
| **ख** | **प्रत्यक्ष खर्च** | **१६,७०२,०२४** | **ख** | **अनुदान आम्दानी** | **७०८००००** |
| १ | परीक्षा त्रिवि | १४००००० | १ | अनुदान यु.जि.सी | १२००००० |
| २ | तलब खर्च | १४,५७७,०२४ | २ | नियमित अनुदान | १६८०००० |
| ३ | आन्तरिक परीक्षा खर्च | ३२५००० | ३ | प्रदेश अनुदान | ७००००० |
| ४ | त्रि.वि. रजिष्ट्रेसन शुल्क | ४००००० | ४ | वि.न.पा अनुदान ग्राउण्ड व्यवस्थापन | १०००००० |
| | | | ५ | स्वच्छ खानेपानी अनुदान संघ | ५००००० |
| | | | ६ | संघ अनुदान (कम्पाउण्ड वाल) | २०००००० |
| **ग** | **अप्रत्यक्ष खर्च** | **५,२५०,०००** | **ग** | **प्रत्यक्ष आम्दानी** | **२४८२०९००** |
| १ | विज्ञापन खर्च | ८०००० | १ | विद्यार्थीबाट शुल्क | २४८२०९०० |
| २ | खेलकुद तथा अ. क्रि. खर्च | २००००० | | | |
| ३ | छात्रावृत्ति | ९८०००० | २ | एम.वि.एस | २७०६००० |
| ४ | अतिथि सत्कार | १५०००० | | | |
| ५ | लेखापरीक्षण शुल्क | ५०००० | **घ** | **पाउनु पर्ने हिसाव** | **४०५०००** |
| ६ | भ्रमण भत्ता | २००००० | | हिमालयन मल्टिपल कलेज | ४०५००० |
| ७ | व्याज | १२०००० | | | |
| ८ | आन्तरिक लेखापरिक्षण खर्च | २०००० | | | |
| ९ | इन्टरनेट खर्च | ६०००० | | | |
| १० | शैक्षिक भैमण खर्च | ८०००० | | | |
| ११ | छपाई तथा स्टेसनरी | ३५०००० | | | |
| १२ | रेखदेख बापत | ६०००० | | | |
| १३ | मर्मत संभार | १५०००० | | | |
| १४ | सहयोग | ३०००० | | | |
| १५ | शैक्षिक सामग्री खरिद | ५०००० | | | |
| १६ | टेलिफोन, पानी, विजुली | १५०००० | | | |
| १७ | सफ्टवेयर खरिद/नविकरण | ५०००० | | | |
| १८ | जग्गा भाडा खर्च | १२०,००० | | | |
| १९ | अनुसन्धनात्मक कार्यक्रम | १,५००,००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | क्यू.ए.ए. कार्यक्रम | ३५००००० | | | |
| २१ | क्याम्पस सभा खर्च | १२५,००० | | | |
| २२ | स्वविपु कोष भूक्तानी | २५०००० | | | |
| २३ | स्वागत कार्यक्रम | १२५००० | | | |
| **घ** | **भूक्तानी दिनुपर्नेदायित्व** | **७४५४६९०** | | | |
| १ | कर तथा टिडिएस दायित्व | ९४६०९ | | | |
| २ | सञ्चयकोष दायित्व | ४९१००८१ | | | |
| ३ | विविध साहुहरु | ५०००० | | | |
| ४ | छात्रावृत्ति दायित्व | ३००००० | | | |
| ५ | सञ्चयकोष ऋण | १०००००० | | | |
| ६ | तलब दायित्व | ९००००० | | | |
| ७ | अन्य दायित्व | २००००० | | | |
| | **बचत** | **३१५४६** | | | |
| | **जम्मा** | **३५,४८८,२६०** | | | **३५४८८२६०** |

## ९. भावी चुनौतिहरु :–

हेर्दा क्याम्पस सामान्यतया राम्रै चलेको देखिए पनि यसले बेहोरिरहेको वर्तमान त्यति सहज छैन । हामी प्राज्ञिक क्षेत्रमा सफल भएका छौं झापाका सबै क्याम्पसका तुलनामा योग्य शिक्षकहरु, सबै क्याम्पस भन्दा बढि विद्यार्थीहरु, सबै क्याम्पसहरु भन्दा राम्रो परीक्षा नतिजा हाम्रा उपलब्धि र सन्तोष गर्ने कुराहरु हुन तर हामी आवश्यकता अनुसारको भूमि नभएको आकासमा हाम्रो वर्तमान पालिरहेका छौं । हालसम्म क्याम्पसका डेक्स, बैंच, फर्निचर, ३३ कोठे दुईवटा भवन र पाँच कठ्ठा चार धुर जग्गा बाहेक हामीसँग कुनै स्थायी सम्पत्ती छैन । विद्यार्थीको यस्तै चाप बढिरहने हो भने क्याम्पसमा लक्ष्य अनुसार विज्ञान र शिक्षा सङ्काय थप गर्न र यसलाई अन्य संकायका स्नातक र स्नातककोत्तरसम्म पुर्याउने हाम्रो लक्ष्यलाई प्रत्यक्ष बाधा हुन्छ । वर्तमान एउटा संकायको एक तहका १८०० विद्यार्थी अटाउने भवन पुरा गर्न हामीलाई मुस्किल भएकोछ । भविष्यमा हाम्रो प्राज्ञिक प्रगति नै हाम्रो उन्नयनको बाधक बन्ने छ । त्यसैले हाम्रो नितान्त आवश्यक कुरा क्याम्पसको घडेरीको बृद्धि हो र केही वर्ष भित्रमै हामीले विर्तामोड सहरभित्र कम्तिमा दश कठ्ठा जग्गा पुर्याउनु पर्ने हुन्छ र त्यसका लागि हामी सबैले केही न केही गर्नै पर्ने हुन्छ । त्यसैले पाँच वर्षभित्र हामीले बेहोर गर्ने चुनौतिहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्दछु ।

- दुई वर्ष भित्रमा मानविकी तथा समाज शास्त्र सङ्काय पनि अटाउने गरीको भवन तथा फर्निचर निर्माण गरिनु पर्ने,
- पाँच वर्ष भित्र विज्ञान सङ्काय र तीन वटै सङ्कायका स्नातकोत्तर कक्षा सञ्चालन गर्न सक्ने भौतिक निर्माण गर्नु पर्ने,
- विश्वको बदलिदो विज्ञान प्रविधिको  परिवेश अनुसारको गुणस्तरीय शिक्षा दिनुपर्ने,
- ICT मा आधारति शिक्षण विधि अवलम्बन गर्नुपर्ने,
- आङ्गिक तथा निजी क्याम्पसहरु बीच रहेको तीब्र प्रतिस्पर्धामा क्याम्पसलाई अब्बल सावित गर्नुपर्ने,
- क्याम्पसलाई आवश्यक आर्थिक स्रोत जुटाउनु पर्ने,
- विश्वविद्यालय लगायत यससँग सम्बन्धित निकायहरु बीच सूचना सम्प्रेषण गर्नेपर्ने,
- ग्रामीण शैक्षिक सशक्तिकरण गर्नुपर्ने,
- गरीव तथा शैक्षिक चेतना कम भएको क्षेत्र भएकाले आर्थिक पक्ष सवल बनाउनु पर्ने,
- समय सापेक्ष भौतिक पक्ष सुधार गर्नुपर्ने ।

## १०. समाधानका उपायहरु :-

- स्थानिय निकाय **वडा समिति, नगरपालिका**, **प्रदेश सरकार** तथा **सङ्घीय सरकार**बाट थप अनुदानका लागि पहल गर्ने,
- **UGC** मार्फत आर्थिक सहयोगका लागि अपिल गर्ने,
- उच्च शिक्षा विकास आयोजना तथा QAA मा पहुँच निर्माण गरी सहयोग उपलब्ध गराउने,
- प्राध्यापकहरुलाई ICT मा आधारित शिक्षण विधिका आधारमा कार्यशाला गर्ने,
- क्याम्पसमा ICT सम्बन्धी उपकरणहरु खरिद गर्ने,
- शैक्षिक प्राज्ञिक लगायत पाठ्येत्तर क्रियाकलापमा अभिवृद्धि गर्ने,
- गुणस्तरीय शिक्षाका लागि विभिन्न योजना बनाई कार्यान्वयन गर्ने,
- क्याम्पसमा थप सूचना प्रविधिहरुको विकास गर्ने,
- ग्रामीण शैक्षिक सशक्तिकरण सम्बन्धी थप कार्यक्रम ल्याउने र लागु गर्ने,
- आपसी सहयोगी भावनामा अझ विकास गरी सम्बन्धित निकाय तथा समुदायमा पहल गरी समस्याहरुको समाधान गर्ने ।

अन्त्यमा, यो क्याम्पसको स्थापनाका लागी आफ्नै विद्यालय हाताभित्र स्थान दिई तथा संयोजन गरी क्याम्पसलाई स्थापित गराउने देवी माध्यामिक विद्यालयलाई इन्द्रचन्द्र क्याम्पस हार्दिक आभार व्यक्त गर्दछ र उन्नयनका अगुवाहरु क्याम्पसका संस्थापक सञ्चालक समितिका अध्यक्ष श्री हरिचरण सिवाकोटी, सदस्यहरु श्री राजेन्द्र थापा, श्री कञ्चना सिटौला, श्री धनराज योङहाङ, विन्दु श्रेष्ठ, नेत्रप्रसाद पाठक र प्रदिप मित्तललाई इन्द्रचन्द्र क्याम्पस आभार व्यक्तगर्दछ साथै स्थापनाका लागि अत्याधिक सक्रिय भई लाग्ने प्राध्यापकहरु लीलाप्रसाद भण्डारी, युवराज ढकाल, कैलाश पोखेल, नयन भण्डारी, डिल्लीनाथ गर्तौला, प्रकाश दाहाल, नन्दकुमार कोइराला, गजेन्द्र नेपाली, तारा खतिवडा, घनश्याम निरौला, लगायत देवी माविका शिक्षक श्री चिरञ्जिवी श्रेष्ठ, श्री खेमराज गौतम र भूपेश मर्दी पनि यस क्याम्पस स्थापनाका सक्रिय खम्बा भएकाले इन्द्रचन्द्र क्याम्पस वहाँहरुप्रति धन्यबाद ज्ञापन गर्दछ । त्यसै गरी क्याम्पसको भौतिक एंव शैक्षिक विकासका लागि अमूल्य सहयोग प्रदान गर्ने स्व. ज्ञानुराम प्रसाईप्रति साधुबाद सहित नमन गर्दछ । क्याम्पसको उन्नयनका लागि दाता संस्था **विश्वविद्यालय अनुदान आयोग, विर्तामोड नगरपालिका, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई** इन्द्रचन्द्र क्याम्पस हार्दिक आभार व्यक्त गर्दछ । त्यसै गरी क्याम्पस सञ्चालन कार्यमा सहयोग गर्ने स्वतन्त्र विद्यार्थी युनीयन र क्याम्पसमा रहेका विभिन्न विद्यार्थी संस्थाहरुलाई पनि हार्दिक धन्यबाद ज्ञापन गर्दछ । क्याम्पसलाई भरोसा गरेर विद्यार्थी सहभागी गराईदिने अभिभावक ज्यूहरु र यस क्याम्पसमा सहभागी भएका संस्थापक विद्यार्थीहरु तथा हाल अध्ययनरत विद्याथीहरुलाई यस क्याम्पसको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछु । सबै भन्दा बढि सबै व्यक्तिगत तथा संस्थागत सम्लग्नतालाई बाहिर राखेर मन, बचन र कर्मले २४ घण्टा क्याम्पसको हितकोलागि लागि पर्ने पूर्व क्याम्पस प्रमुख श्री लेखनाथ भट्टराई एवं प्रशासकिय अधिकृत बद्री प्रसाद भट्टराई लाई मुरीमुरी धन्यबाद र दिनरात नभनी खटिदिने क्याम्पस कर्मचारीलाई पनि साधुबाद ।

प्रकाश दाहाल
क्याम्पस प्रमुख

# अनुसूची १

## सञ्चालक समितिको नामावली

| क्रम | पद | नम | ठेगाना |
|---|---|---|---|
| १ | अध्यक्ष | हरिचरण शिवाकोटी | विर्तामोड नगरपालिका-७, झापा |
| २ | उपाध्यक्ष | राजेन्द्र कुमार थापा | विर्तामोड नगरपालिका-५, झापा |
| ३ | कोषाध्यक्ष | युवराज दाहाल | विर्तामोड नगरपालिका-३, झापा |
| ४ | सदस्य | पवित्रा महतारा प्रसाई | विर्तामोड नगरपालिका-५, झापा |
| ५ | सदस्य | कुबेर श्रेष्ठ | विर्तामोड नगरपालिका-५, झापा |
| ६ | सदस्य | अर्जुन खवास | विर्तामोड नगरपालिका-६, झापा |
| ७ | सदस्य | कञ्चना ढकाल सिटौला | विर्तामोड नगरपालिका-५, झापा |
| ८ | सदस्य | सुरेश कुमार अग्रवाल | विर्तामोड नगरपालिका-४, झापा |
| ९ | सदस्य | धनराज योङहाङ | विर्तामोड नगरपालिका-५, झापा |
| १० | सदस्य | कैलाश पोखेल | विर्तामोड नगरपालिका-६, झापा |
| ११ | सदस्य | ठग बहादुर खड्का | विर्तामोड नगरपालिका-३, झापा |
| १२ | सदस्य | अनिता कन्दङवा | विर्तामोड नगरपालिका-६, झापा |
| १३ | सदस्य | सुर्य प्रसाद कन्दङ्बा | विर्तामोड नगरपालिका-६, झापा |
| १४ | सदस्य | बद्री प्रसाद भट्टराई | विर्तामोड नगरपालिाका-४, झापा |
| १५ | सदस्य | पवन दाहाल | आर्जुनधारा नगरपालिका-६, झापा |
| १६ | सदस्य सचिव | प्रकाश दाहाल | अर्जुनधारा नगरपालिका-५, झापा |
| १७ | सदस्य | मोहन सुवेदी | त्रि. वि. प्रतिनिधि |

## प्रशासनिक कर्मचारीहरुः

| क्रम | पद | नाम | ठेगाना |
|---|---|---|---|
| १ | क्याम्पस प्रमुख | प्रकाश दाहाल | अर्जुनधारा नगरपालिका-५ झापा |
| २ | सहायक क्या.प्रमुख | बालकृष्ण चेम्जोङ | शिवसताक्षी नगरपालिका-१०,झापा |
| ३ | ए.वि.एस संयोजक | कैलाश पोखेल | विर्तामोड नगरपालिका-६, झापा |
| ४ | QAA फोकल पर्सन | उद्धव बास्कोटा | शिवसताक्षी नगरपालिका-१०, झापा |
| ५ | प्रशासन सदस्य | खेमराज गौतम | कनकाई - ५, झापा |
| ६ | प्रशासकिय अधिकृत | बद्री प्रसाद भट्टराई | विर्तामोड नगरपालिका झापा |
| ७ | लेखा अधिकृत | सुनिता दुलाल | अर्जुनधारा-५, झापा |
| ८ | लेखापाल | हिमा लुईटेल | अर्जुनधारा नगरपालिका ५ झापा |
| ९ | कार्यालय सहयोगी | सुमित्रा भुजेल | विर्तामोड नगरपालिका १ झापा |
| १० | कार्यालय सहयोगी | सुदिप तामाङ | विर्तामोड नगरपालिका ६, झापा |